# प्रेस विज्ञप्ती

## विश्व पानी दिवसको अवसरमा सिद्धार्थ बैंकको प्रभातफेरी कार्यक्रम (वाकाथन) सम्पन्न

*चैत ०९, २०८१, काठमाडौं*

विश्व पानी दिवसको अवसरमा सिद्धार्थ बैंकले 'Walk for Water, Walk for Life' प्रभातफेरी कार्यक्रम (वाकाथन) सम्पन्न गरेको छ। सिद्धार्थ बैंकले पानी दिवसको अवसरमा पहिलो पटक यस्तो कार्यक्रम आयोजना गरेको हो ।

सिद्धार्थ बैंकले दिगो विकासका लक्ष्यलाई आत्मसात् गर्दै आफ्नो बैंकिङ कारोबार तथा प्रक्रियालाई दिगो विकास केन्द्रित बनाउँदै आएको छ । बैंकले पर्यावरणीय, सामाजिक तथा सुशासन (ESG) मान्यताहरुलाई अवलम्बन गर्दै वित्तीय सेवामा दिगोपन सुनिश्चित गर्न विविध नीति तथा कार्यक्रमहरू लागू गरेको छ। हरित वित्त, नवप्रवर्तनशील डिजिटल बैंकिङ, वित्तीय पहुँच विस्तार तथा सामाजिक उत्तरदायित्वका पहलहरूमार्फत बैंकले दिगो बैंकिङलाई प्रवर्द्धन गरिरहेको छ । साथै, पुनर्नवीकरणीय ऊर्जा, वातावरणमैत्री लगानी तथा जिम्मेवार बैंकिङ अभ्यासलाई प्राथमिकता दिँदै, दिगो आर्थिक वृद्धिमा योगदान पुर्याउने प्रतिबद्धता बैंकले व्यक्त गरेको छ ।

संयुक्त राष्ट्र सङ्घले सन् १९९३ देखि हरेक वर्ष २२ मार्चमा विश्व पानी दिवस मनाउँदै आएको छ । यस दिवसको उद्देश्य दिगो विकास लक्ष्य (SDG) अन्तर्गत 'सबैका लागि पानी र सरसफाई सुनिश्चित गर्न योगदान पुर्याउनु हो। यस अवधिमा पानीको महत्त्वबारे जनचेतना फैलाउने विभिन्न अभियानहरू सञ्चालन गरिन्छ। यस वर्षको पानी दिवसको मुल एजेण्डा हिमनदी संरक्षण रहेको छ । हिमनदी संरक्षण भनेको पृथ्वीको दीर्घकालीन अस्तित्व सुरक्षित गर्नु हो। हिमनदीहरूबाट प्राप्त पानी पिउन, कृषि, उद्योग, ऊर्जा उत्पादन तथा पारिस्थितिक सन्तुलनका लागि अत्यावश्यक छ ।

वाकाथनको उद्घाटन गर्ने क्रममा सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुन्दर प्रसाद कडेल ज्यूले नेपालजस्तो हिमाली मुलुकमा हिमनदीहरू पग्लिनु गम्भीर समस्या भएको बताउँदै यसको संरक्षणलाई राष्ट्रिय अन्तर्राष्ट्रिय मुद्दाका रूपमा अघि बढाउनु पर्ने धारणा राख्नु भयो । उहाँले पृथ्वीको तापमान वृद्धिसँगै हिमनदीहरू पग्लिँदा पानीको प्राकृतिक चक्र नै प्रभावित भई विभिन्न संकट उत्पन्न भइरहेको बताउनु भयो ।

पानी पृथ्वीमा जीवनको आधार हो । मानव मात्र नभई सम्पूर्ण जीवजन्तु, वनस्पति, कृषि, उद्योग तथा पारिस्थितिक प्रणालीका लागि पानी अनिवार्य छ ,यदि हामीले यसको दिगो व्यवस्थापन नगरे, भविष्यमा स्वच्छ पानीको अभाव गम्भीर समस्या बन्न सक्छ भन्ने सन्देश फैलाउनका निम्ति सिद्धार्थ बैंकले यस वाकाथन कार्यक्रमको आयोजना गरेको छ ।

यस कार्यक्रममा बैंकले हिमनदी तथा पानीको संरक्षण र सदुपयोगको महत्त्व झल्काउने प्लेकार्डसहित नक्साल नारायणचौरबाट हात्तीसार, पुतलीसडक, बागबजार, रत्नपार्क, जमल, दरबारमार्ग, गैरिधारा हुँदै पुनः नक्सालसम्म ५ किलोमिटरसम्मको प्रभातफेरी (वाकाथन) आयोजना गरेको हो । बैंकले सामाजिक सञ्जालमार्फत सर्वसाधारणलाई वाकाथनमा सहभागिताका लागि आह्वान गरेको थियो । ६५६ भन्दा बढी व्यक्ति सहभागी भएका यस कार्यक्रममा २६१ जना महिला र ३९५ जना पुरुषहरु रहेका थिए ।